# नेपाल हस्तकला महासंघ

मुखपत्र


| वर्ष १४ | मंसिर २०६४ | अंक ८३ |
|---|---|---|


## हस्तकलाको विकासमा हस्तकला डिजाइन तथा विकास केन्द्रको भूमिका विषयक गोष्ठी

*नेपाली हस्तकला वस्तहरुको संरक्षण, विकास तथा बजार विस्तार गर्न सघाउ पुऱ्याउने उद्देश्यले नेपाल हस्तकला महासंघ अन्तर्गत नेपाल सरकारको सहयोगमा हस्तकला सम्बन्धी विविध सेवाहरु प्रवाह गर्न स्थापित नेपाल हस्तकला डिजाइन तथा विकास केन्द्रले २०६१ पौष ११ बाट कार्य संचालन गरेको सर्वविदितै छ । यसै क्रममा हस्तकला तथा वस्तुको डिजाइन विकासमा यस केन्द्रको भूमिका तथा आगामी दिनमा यस केन्द्रको प्रभावकारी संचालन सम्बन्धी विविध विषयमा जानकारी प्रस्तुत गरी उपयोगी समयसापेक्ष उपयाहरु पहिल्याउने उद्देश्यले यस महासंघद्वारा २०६४ कार्तिक २१ गते काठमाडौंमा हस्तकलाको विकासमा हस्तकला डिजाइन तथा विकास केन्द्रको भूमिका विषयक गोष्ठीको आयेजना गरियो । कार्यक्रममा महासंघका पदाधिकारी कार्य समिति सदस्यहरु, महासंघका संस्थागत सदस्य संघका प्रतिनिधिहरु, उत्कृष्ट उद्यमी तथा निकासीकर्ताहरु गरी करीब ३० जनाको सहभागिता रहेको थियो । महासंघका महासचिव श्री धर्मराज शाक्यले उक्त कार्यक्रम संचालन गर्नु भएको थियो ।*

गोष्ठीको प्रारम्भमा उपस्थित सबैलाई कार्यक्रममा स्वागत गर्दै यस महासंघका अध्यक्ष श्री पुष्करमान शाक्यले हस्तकला डिजाइन तथा विकास केन्द्र स्थापनाको उद्देश्य, क्रियाकलाप तथा विधि पक्षबारेमा चर्चा गर्दै हस्तकला क्षेत्रको दीगो विकासका लागि आगामी दिनमा यस केन्द्रलाई के कसरी प्रभावकारी रुपमा संचालन गर्दै जाने भन्ने सम्बन्धमा वर्तमान परिवेशको समीक्षा गर्दै उपयुक्त उपाय पहिल्याउन यस गोष्ठीको आयोजना गरेको बताउनु भयो । सो क्रममा उहाँले महासंघ हस्तकला उद्यमी व्यवसायीहरुको प्रतिनिधिमूलक संस्था भएको बताउँदै हस्तकला वस्तुको निकासी अभिबृद्धिका साथै हस्तकला उद्यमी व्यवसायीहरुको हित प्रबर्द्धनका लागि महासंघ प्रभावकारी रुपमा लाग्न महासंघले आगामी दिनमा दीर्घकालिन आर्थिक व्यवस्थापनतर्फ गम्भीर रुपमा सोच्नुपर्ने आवश्यकता रहेको औल्याउनु भयो । अतः आगामी दिनमा सदस्य महानुभावहरु लगायत हस्तकला उद्यमी व्यवसायीहरुको आवश्यकतामा आधारीत क्रियाकलाप संचालन एवं सेवा प्रदान गर्न महासंघ लाग्नुपर्ने चर्चा गर्दै र आगामी दिनमा उक्त केन्दको कसरी दीर्घकालिन रुपमा प्रभावकारी संचालन गर्ने र संस्थागत रुपमा विकास गर्न सकिन्छ भन्ने सम्बन्धमा गोष्ठीको क्रममा विचार विमर्श गरी सहभागीहरुले अमूल्य सुझावहरु दिन उहाँले आग्रह गर्नुभयो । तत्पश्चात महासंघका प्रथम उपाध्यक्ष एवं उक्त केन्द्रका सभापति श्री विकासरत्न धाख्वाले हस्तकलाको विकासमा उक्त केन्द्रको भूमिका बारेमा प्रस्तुत गर्दै सो केन्द्र स्थापनाको पृष्ठभूमिदेखि केन्द्र संचालन एवं गतिविधि वस्तुस्थिति, संरचना, विशेषता, प्रदत्त सेवा तथा उपलब्धी, केन्द्रको आ.व. २०६३/६४ को कार्य योजना एवं सम्पादन सिंहावलोकन, अन्य संस्थासंगको सम्पर्क/सम्बन्ध र केन्द्रको संस्थागत विकासका लागि गर्नुपर्ने कार्यहरु विषयमा जानकारीमूलक प्रस्तुती गर्नुभयो । तत्पश्चात विषयगत प्रस्तुत तथा हस्तकला डिजाइन तथा विकास केन्द्रलाई आगामी दिनमा के कसरी संचालन गर्दै जाने भन्ने विषयमा सहभागीहरुबीच विचार विमर्श तथा छलफल भयो ।




हस्तकला डिजाइन तथा विकास केन्द्मा सभापतिबाट विषयगत प्रस्तुत गर्नुहंदै

सो क्रममा सहभागीहरुले हस्तकला डिजाइन तथा विकास केन्द्रको संगठनात्मक संरचना तथा संचालन विधिमा समय सापेक्ष सुधार गरी यस केन्द्रलाई हस्तकला क्षेत्रको दीर्घकालिन विकासका लागि प्रभावकारी रुपमा अघि बढाउनु पर्नेमा जोड दिइएको थियो । अन्तमा महासंघका अध्यक्षबाट कार्यक्रम सम्बन्धी समीक्षा गर्दै कार्यक्रममा प्रस्तुत जिज्ञासा तथा सुझावहरु केन्द्रलाई व्यवस्थित एवं प्रभावकारी रुपमा संचालन गर्न मनन गर्ने बताउनु भयो । साथै उहाँले कार्यक्रम सफलतापूर्वक संचालन गर्न सहयोग गर्ने सबैमा धन्यवाद ज्ञापन गर्नुभयो ।

## हाते कागजका वस्तुको लागत तथा मूल्य निर्धारण सम्बन्धी कार्यशाला गोष्ठी

हाते कागजजन्य वस्तुका उत्पादक तथा व्यवसायीहरुलाई वस्तुको लागत तथा मूल्य निर्धारण सम्बन्धी शैद्धान्तिक एवं व्यवहारिक ज्ञान प्रदान गरी वस्तुको उचित मूल्य निर्धारण गर्न सक्षम तुल्याउनुका साथै हाते कागजबाट निर्मित वस्तुहरुको मूल्यमा एकरुपता कायम गरी व्यवसाय प्रवर्द्धनमा टेवा पुऱ्याउने उद्देश्यले यस महासंघको हाते कागज वस्तु विकास समितिको संयोजनमा२०६४ कार्तिक ३० गते शुक्रबार हस्तकला डिजाईन तथा विकास केन्द्र ललितपुरमा हाते कागजका वस्तुको लागत तथा मूल्य निर्धारण सम्बन्धी एक दिने कार्यशाला गोष्ठीको आयोजना गरियो । डा. मिलनदेव भट्टराई श्रोत व्यक्ति रहनु भएको उक्त गोष्ठीमा सम्बन्धित उद्यमी व्यवसायीहरु २६ जनाको सहभागिता रहेको थियो ।

कार्यक्रमको प्रारम्भमा यस महासंघका अध्यक्ष श्री पुष्करमान शाक्यले उपस्थित महानुभावहरुको स्वागत गर्नुहुँदै हाते कागजका वस्तु लगायत अन्य हस्तकला वस्तुको सहज बिक्री बढाई व्यवसायिक लाभ लिन वस्तुको लागत तथा मूल्य निर्धारण सम्बन्धी ज्ञानको नितान्त आवश्यकता रहेको चर्चा गर्दै प्रस्तुत कार्यशाला गोष्ठीबाट सहभागीहरुले लागत तथा मूल्य निर्धारण सम्बन्धी महत्वपूर्ण ज्ञान एवं सीप हासिल गरी आफ्ना उत्पादनहरुको बिक्री प्रबर्द्धन गर्न सक्षम हुने विश्वास व्यक्त गर्नुभयो । साथै उहाँले कार्यशाला गोष्ठीको क्रममा श्रोत व्यक्तिबाट विषयगत ज्ञान हासिल गर्न र आफूले जानेका ज्ञान तथा अनुभवहरु आदान प्रदान गर्न समेत आग्रह गर्नुभयो  भयो । यस महासंघका कार्य समिति सदस्य एवं हाते कागज वस्तु विकास समितिका संयोजक श्री निमा शेर्पाले कार्यक्रमको उद्देश्य तथा औचित्यमाथि प्रकाश पार्दै सहभागीहरुलाई गोष्ठीमा सक्रिय सहभागी हुन आग्रह गर्नुभयो । तत्पश्चात कार्यक्रममा श्रोत व्यक्ति डा. मिलनदेव भट्टराईले विषयगत जानकारी प्रस्तुत गर्नुभयो । गोष्ठीको क्रममा  सहभागीहरुलाई हाते कागजका वस्तुको लागत निर्धारण तथा मूल्य निर्धारण के कसरी गर्ने भन्ने बारेमा जानकारी गराइएको थियो

अन्तमा यस महासंघका प्रथम उपाध्यक्ष एवं हस्तकला डिजाईन तथा विकास केन्द्रका सभापति श्री विकासरत्न धाख्वाले कार्यशाला गोष्ठी सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्नुहुने श्रोतव्यक्ति, सहभागी तथा अन्य सबैमा धन्यवाद ज्ञापन गर्दै हाते कागजका वस्तुहरु अन्तरराष्ट्रिय बजारमा निकासी प्रबर्द्धन गर्नुको साथै आन्तरिक बजारमा पनि यसको बजार प्रबर्द्धन गर्न सम्बन्धित उद्यमी व्यवसायीहरुले ध्यान दिनुपर्ने बताउनुभयो ।



प्रशिक्षण सञ्चालन सम्बन्धी फोटो झलक

सो क्रममा उहाँले आगामी दिनहरुमा महासंघका सदस्यहरुको व्यवसायको विकास तथा प्रवर्द्धन गर्न महासंघ अन्तर्गतका विभिन्न समितिहरुलाई अझ सक्रिय रुपमा अगाडि बढाउने बताउनु भयो ।

## धातु मूर्तिकला ढलाई सीप प्रमाणिका तथा सीप परिक्षण कार्यक्रम सम्बन्धी परिचयात्मक कार्यक्रम

*निकासी हुने प्रमुख हस्तकला वस्तुहरुमा धातु मूर्तिकलाले देशमा स्वरोजगार सिर्जना तथा विदेशी मुद्रा आर्जन गरी मुलुकको आर्थिक उत्थानमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । परम्परागत नेपाली धातु मूर्तिकलाको मौलिक विशेषताले गर्दा विश्व बजारमा धातु मूर्तिकला परापूर्वकाल देखि हालसम्म पनि प्रख्याति कमाउन सक्षम भएको छ । धातु मूर्तिकला क्षेत्रमा दक्ष जनशक्ति तयार गर्न धेरै वर्षको परिश्रम तथा कार्यगत अनुभवको आवश्यकता पर्दछ । यसरी वर्षौंको कार्य संलग्नताबाट दक्ष सीप हासिल गरेता पनि धातु मूर्तिकला क्षेत्रमा संलग्न कलाकारहरुले सीप एवं दक्षताको प्रमाणित प्रमाणपत्रको अभावमा वर्तमान अवस्थामा पनि विभिन्न अवसरबाट बन्चित हुनु परिरहेको छ । यसै परिप्रेक्ष्यमा नेपाल हस्तकला महासंघ र प्राविधिक शिक्षा तथा व्यवसायिक प्रशिक्षण परिषद् (CTEVT) को संयुक्त प्रयासबाट २०६१ आश्विनदेखि धातु मूर्तिकला लगायत केही हस्तकला विधाको सीप प्रमाणिका तयारी सम्बन्धी कार्य हुँदै हाल सम्पन्न भइसकेको छ । यसै परिप्रेक्ष्यमा धातु मूर्तिकला क्षेत्रमा संलग्न उद्यमी कलाकारहरुलाई उक्त सीप प्रमाणिका र आगामी दिनमा धातु मूर्तिकलामा सीप परिक्षण सम्बन्धी विविध जानकारी गराउने उद्देश्यले यस महासंघ र ओकुबहाल पेशागत सहकारी संस्थाद्वारा २०६४ मंसिर १० गते ललितपुरमा धात मूर्तिकला ढलाई सीप प्रमाणिका तथा सीप परिक्षण कार्यक्रमको आयोजना गरियो ।*

प्रारम्भमा उपस्थित सबै महानुभावहरुलाई कार्यक्रममा स्वागत गर्दै यस महासंघका कार्य समिति सदस्य एवं धातु मूर्तिकला सीप प्रमाणिका तथा परिक्षण कार्यान्वयन उप-कार्यदलका संयोजक श्री सिद्धिरत्न शाक्यले समग्र हस्तकला क्षेत्रको विकासका लागि महासंघ सदैव तत्पर रहेको बताउँदै सम्बन्धित उद्यमी, कलाकार एवं व्यवसायीहरुको संलग्नता तथा निरन्तर सहयोगबाट महासंघले हालसम्म धातु मूर्तिकला, पौभा (थान्का) र थोज्या माँज्या गरी तीन विधामा सीप प्रमाणिका तयार गरिसकेको जानकारी गराउनु भयो । अतः आगामी दिनमा आवश्यक सीप परिक्षण गरी सम्बन्धित धातु मूर्तिकला क्षेत्रका उद्यमी कलाकारहरुको सीप प्रमाणिकरण गर्दै जाने क्रममा प्रस्तुत जानकारीमूलक कार्यक्रमको आयोजना गरिएको बताउँदै कार्यक्रममा आफ्ना जिज्ञासा तथा अनुभव राख्न हुन समेत उहाँले आग्रह गर्नुभयो । सो क्रममा महासंघको उक्त सीप परिक्षण उप-कार्यदलका सदस्य श्री पूर्णकाजी शाक्यले CTEVT को चिनारी सहित उद्देश्य एवं कार्यबारेमा प्रकाश पार्दै सीप परिक्षण के र किन भन्नेबारेमा जानकारी गारउनुभयो । तत्पश्चात महासंघको धातु मूर्तिकला सीप प्रमाणिका मस्यौदा समितिका सदस्य एवं यस उप-कार्यदलका सदस्य श्री महेन्द्ररत्न शाक्यले विषयगत प्रस्तुती गर्दै सीप प्रमाणिका तयारीका क्रममा भएका चरणबद्ध क्रियाकलाप, सीप प्रमाणिका तथा सीप परिक्षण के कसरी हुन्छ भन्नेबारेमा विस्तृत जानकारी गराउनु भयो । सो क्रममा उहाँले धातु मूर्तिकला सम्बन्धी १६ प्रकारका चरणबद्ध कार्यहरु उक्त प्रमाणिकामा भएको चर्चा गर्दै सीप परिक्षणको क्रममा प्रशिक्षार्थीहरुलाई शैद्धान्तिक र व्यवहारिक जाँच गरिने बताउँदै सहभागीहरुलाई यस विषयमा कुनै जिज्ञासा

तथा सुझाव भएमा प्रस्तुत गर्न आग्रह गर्नु भएको थियो । उक्त अवसरमा मन्तव्य राख्दै महासंघको सीप प्रमाणिका तयारी समितिका संयोजक श्री चिनीकाजी ताम्राकारले धातु मूर्तिकलाको सीप प्रमाणिकरण सम्बन्धी कुनै प्रावधान नभई रहेको अवस्थामा महासंघको पहलबाट हाल सीप प्रमाणिका तयार भई सकेको हुँदा निकट भविष्यमा CTEVT ले संचालन गरिने सीप परिक्षण सहभागी भई आफ्नो सीप योग्यता प्रमाणपत्र लिन अपील गर्नुभयो ।

कार्यक्रममा उक्त सहकारी संस्थाका अध्यक्ष श्री चैत्यरत्न शाक्य लगायत अन्य पदाधिकारी, सदस्यहरु तथा धातु मूर्तिकलामा संलग्न उद्यमी कलाकारहरु करीब ४५ जनाको सहभागिता रहेको थियो । कार्यक्रममा सहभागीहरुले विभिन्न जिज्ञासा तथा सुझावहरु राखिएको थियो । अन्तमा उक्त संस्थाका तर्फबाट श्री राजमान शाक्यले कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्ने प्रस्तोता, सहभागी लगायत सम्बद्ध सबैमा धन्यवाद ज्ञापन गर्नुभयो ।



**कार्यक्रमका श्रोतव्यक्ति सीप प्रमाणिका तथा परीक्षण सम्बन्धी जानकारी प्रस्तुत गर्दै**

# सूचना तथा परिपत्र

## नेपाल हस्तकला महासंघको
## २८ औं वार्षिक साधारण सभा सम्वन्धी ३० दिने सूचना ।

**१ कार्यसमितिको मिति २०६४ मंसिर १६ गतेको निर्णयानुसार यस महासंघको २८ औं वार्षिक साधारण सभा २०६४ साल पौष २३ गते सोमवार काठमाडौंमा आयोजना गरिने व्यहोरा सदस्य महानुभावहरुलाई जानकारी गराउंदछौं ।**

**२ २८ औं वार्षिक साधारण सभामा भाग लिनका लागि आ.व. २०६४/०६५ को वार्षिक शुल्क तिर्नु भएका वहालवाला सदस्य महानुभावहरुले मिति २०६४ पौष १६ गते सोमबार सम्ममा कार्यालय समयभित्र दर्ता शुल्क रु.२००/ तिरेर दर्ता गर्नु पर्नेछ ।**

**३ महासंघको विधानको दफा ५.४ वमोजिम २८ औं वार्षिक साधारण सभामा विचारार्थ राख्नु पर्ने प्रस्ताव भएमा २०६४ पौष ८ गते आईतबार सम्ममा कार्यालय समयभित्र लिखित रुपमा दर्ता गराउनु पर्नेछ ।**

**४ महासंघको विधानको दफा ५.७ वमोजिम संगठित एवं संस्थागत सदस्यहरुले सदस्यता दरखास्त फाराममा उल्लेख गरेको प्रतिनिधि परिवर्तन गर्नु परेमा मिति २०६४ पौष १६ गते सोमबार सम्ममा कार्यालय समयभित्र निवेदन दर्ता गर्नुपर्नेछ । सो**

**निवेदन साथ परिवर्तन गरिएको नयाँ प्रतिनिधिको अटो साईजको तस्विर २ प्रति र परिचय पत्र दस्तुर रु.३०/ समेत संलग्न हुनु पर्नेछ ।**

५ **२८ औं वार्षिक साधारण सभामा भाग लिन आउंदा सदस्य महानुभावहरुले आ-आफ्नो सदस्यता परिचय पत्र लिई आउनु अनिवार्य छ । परिचय पत्र नलिनु भएका र लिइकन पनि हराएको भए <u>२०६४ पौष २० गते शुक्रवार</u> भित्र अटोसाइजको तस्विर २ प्रति र परिचयपत्र दस्तुर रु.३०/ सहित महासंघमा सम्पर्क राख्नु हुन सूचित गरिन्छ ।**

६ **महासंघको विधानको दफा ३.९ अनूसार २०६४ मंसिर १६ गते आईतबार पश्चात २८ औं वार्षिक साधारण सभा सम्पन्न नभएसम्म महासंघको सदस्यता वितरण कार्य रोक्का गरिएको छ ।**

७ **यस सूचनामा अन्तिम मिति तोकिएका दिनहरुमा कूनै सार्वजनिक बिदा पर्न आएमा पनि महासंघको सचिवालय खुल्ला रहनेछ ।**

**२८ औं वार्षिक साधारण सभा सम्वन्धी थप जानकारीको लागि महासंघमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।**

## <u>The 4th Fukuoka International Gift Show 2008 मा सहभागिता सम्वन्धी सूचना</u>

यही सन् २००८ को जून ४ देखि ६ तारिखसम्म जापानको फुकूओकामा आयोजनामा हूने उल्लेखित ब्यापार मेलामा यस महासंघको संयोजनमा महासंघका सदस्यहरुलाई सहभागिता गराइने ब्यहोरा जानकारी गराउदछु । अतः भाग लिन ईच्छुक सदस्य फर्म/कम्पनीहरुले यस महासंघको कार्यालयबाट प्राप्त हूने फाराम भरी निम्न उल्लेखित अभिलेखहरु र दर्ता शुल्क रु. १००/ (फिर्ता नहुने) र सेवा शुल्क रु.५,०००/ (छनौट नभए फिर्ता हुने) सहित <u>**२०६४ मंसिर २८ गते शुक्रवार**</u> दिनको **३.०० बजे** भित्र निबेदन दिनु हुन अनुरोध गर्दछु ।

**<u>मेला सम्बन्धी संक्षिप्त बिबरण</u>**

मेला आयोजना हूने मिति : **जून ४ देखि ६, २००८**
मेला आयोजना हूने स्थान : जापानको फूकूओका
स्टल भाडा : जापानि ऐन ३,००,००० स्टल भांडाको ४०% छुट हुनेछ छ ।
स्टलको साईज : ३ X ३ मिटर
मेलाको प्रकार : जनरल
सामान बिक्री गर्न पाउने नपाउने : **नपाईने**

**<u>निबेदनसाथ संलग्न गर्नुपर्ने अभिलेखहरु</u> :**

१. कम्पनी प्रोफाईल
२. मेलामा भाग लिन जाने ब्यक्तिको ब्यक्तिगत बिबरण
३. राहदानीको प्रतिलिपि
४. राहदानी साईजको फोटो १ प्रति
५. मेलामा प्रदर्शन गर्ने बस्तूको बिबरण
६. फर्म/कम्पनीको ब्रोस्योर
७ .श्री ५ को सरकारमा दर्ता भएको प्रमाणपत्रको फोटोकपी
८. चालु आ.ब.संग निकट दुई आ.ब. को निकासी बिबरण
९. स्टल भाडा र अन्य : मेलाको लागि छनौट भएको ७ दिन भित्र मेलाको स्टल भांडा शुल्क प्रतिस्टल भाडा जापानी ऐन १,८०,०० / बराबरको ने.रु. महासंघमा दाखिला गरी सक्नु पर्नेछ ।

सो मेलामा निकासी आदेश मात्र प्राप्त गर्न सकिने तथा खुद्रा बिक्री गर्न नपाईने व्यहोरा समेत जानकारी गराइन्छ ।

## <u>वन प्रमाणिकरण सम्बन्धी जानकारीमूलक कार्यक्रम</u>

विश्व व्यापीकरणको होडबाजीले गर्दा आज विश्वका कुनै पनि मुलुक आफू एक्लै मात्र केही गर्न नसक्ने अवस्थामा पुऱ्याएको छ । यही कारणले गर्दा आज कुनै पनि वस्तु उत्पादन गर्दा वा व्यापार व्यवसाय संचालन गर्दा विश्व बजारको आवश्यकता तथा उपभोक्ताको चाहनालाई विशेष ध्यान दिनु पर्दछ । हाल विश्व बजारमा एकातर्फ काष्ठकला तथा काठजन्य वस्तुको माग दिनानुदिन बढ्दै गएको छ भने अर्कोतर्फ वनको व्यवस्थित विकास तथा वनको अनुकुल वातावरणीय संरक्षणका लागि विश्व समुदाय सचेत हुनुका साथै वनको दीर्घकालिन संरक्षणका लागि समय सापेक्ष ऐन नियमको व्यवस्था गरिंदै आएको छ । यसै क्रममा काष्ठकला तथा काठजन्य वस्तु सम्बन्धी व्यवसायमा संलग्न उद्यमी व्यवसायीहरुलाई वन प्रमाणीकरण, यसको महत्व तथा नेपालमा यस सम्बन्धी अभ्यास एवं क्रियाकलाबारेमा विविध जानकारी गराउने उद्देश्यले यस महासंघको काष्ठकला वस्तु विकास समितिको संयोजनमा २०६४ मंसिर १३ गते तत् सम्बन्धी कार्यक्रमको आयोजना गरियो । उक्त अवसरमा श्री कुमुद श्रेष्ठले श्रोतव्यक्तिको रुपमा विषयगत जानकारी प्रस्तुत गर्नु भएको थियो ।

प्रारम्भमा सहभागीहरुलाई कार्यक्रममा स्वागत गर्दै यस महासंघका अध्यक्ष श्री पुष्करमान शाक्यले निकासी प्रबर्द्धनको क्रममा सदस्यहरुलाई हस्तकला निकासीसंग सम्बन्धित समसमयिक ऐन नियमहरुबारेमा जानकारी गराउनु महासंघको दायित्व भएको बताउँदै वन प्रमाणिकरण सम्बन्धी वर्तमान प्रावधान सम्बन्धी जानकारी गराउने उद्देश्यले प्रस्तुत कार्यक्रमको आयोजना गरिएको बताउनु भयो । सो क्रममा कार्यक्रमको महत्व एवं औचित्यबारेमा प्रकाश पार्दै यस महासंघका कार्य समिति सदस्य एवं काष्ठकला वस्तु विकास समितिका सभापति श्री अनिलकुमार शिल्पकारले हाल विश्व बजारमा वनसंग प्रत्यक्ष सरोकार राख्ने हस्तकला लगायतका वस्तुको निकासीका लागि वन प्रमाणिकरणको प्रचलन बढ्दै गएको क्रममा वन प्रमाणिकरणको प्रक्रिया एवं आवश्यकता सम्बन्धी जानकारी गराउन प्रस्तुत कार्यक्रम उपयोगी हुने बताउँनु भयो । तत्पश्चात श्रोतव्यक्तिबाट विषयगत प्रस्तुती गर्नुभयो । प्रस्तुतीको क्रममा उहाँले वन प्रमाणिकरण सन्दर्भमा नेपालमा भएका क्रियाकलाप, वन प्रमाणिकरण पृष्ठभूमि, यस सम्बन्धी वातावरणीय, आर्थिक र सामाजिक दृष्टकोण, वर्तमान परिवेशमा यसको आवश्यक र फाइदाबारेमा सहभागीहरुलाइृ जानकारी गराउनु भयो । अन्तमा महासंघका महासचिव श्री धर्मराज शाक्यले श्रोतव्यक्ति लगायत कार्यक्रम सफलतापूर्वक संचालन गर्न सहयोग गर्ने सबैमा धन्यवाद ज्ञापन गर्नुभयो । कार्यक्रममा काष्ठकला तथा अन्य विभिन्न हस्तकलाका वस्तु उत्पादन गर्ने उद्यमी तथा निकासीकर्ताहरु करीब ४० जनाको सहभागिता रहेको थियो ।



कार्यक्रमका श्रोतव्यक्ति वन प्रमाणिकरण सम्बन्धी जानकारी प्रस्तुत गर्दै

## महत्वपूर्ण व्यवसायिक व्यक्ति (CIP) को सम्मान प्रदान

हस्तकला निकासी प्रबर्द्धन लगायत देशको उद्योग वाणिज्य क्षेत्रको विकास एवं प्रबर्द्धनका लागि महत्वपूर्ण योगदान पु¥याएकोमा नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले २०६४ कार्तिक ३० गते काठमाडौंमा आयोजित एक कार्यक्रमबीच हस्तकला निकासीकर्ता, उद्योग वाणिज्य संघ संस्थाका अध्यक्ष लगायतका व्यक्तित्वहरुलाई यस वर्षको महत्वपूर्ण व्यवसायिक व्यक्ति Importeant Commercial Person, CIP) को उपाधि प्रदान गरी सम्मान गरियो । यस क्रममा उल्लेखनीय परिमाणमा हस्तकला निकासी गरी हस्तकला निर्यात क्षेत्रको प्रवर्द्धन गरी मुलुकको आर्थिक विकासमा महत्वपूर्ण योगदान पु¥याए वापत नेपाल सरकारबाट यस नेपाल हस्तकला महासंघका सदस्य फर्म/कम्पनीहरुका प्रबन्ध निर्देशकहरु श्री स्वयम्भूरत्न तूलाधर, याक एण्ड यति इन्टरप्राईजेज प्रा.लि., श्री हिमलाल काप्री, एच.एल.के. प्रा.लि., श्री राजु श्रेष्ठ, एसियाठिक ट्रेडर्स एण्ड एक्स्पोटर्स र श्रीमती मीना कार्की, न्यु हिमालय आकाश एक्स्पोर्टलाई महत्वपूर्ण व्यवसायिक व्यक्ति (CIP) को उपाधि प्रदान गरी सम्मान गरियो ।

यसैगरी सोही अवसरमा देशमा उद्योग वाणिज्य क्षेत्रको प्रवर्द्धन गरी मुलुकको आर्थिक विकासमा महत्वपूर्ण योगदान पु¥याए वापत नेपाल सरकारबाट नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल चेम्बर अफ कमर्स, नेपाल उद्योग परिसंघ, नेपाल गलैंचा निकासीकर्ता संघ र नेपाल तयारी पोशाक उद्योग संघका अध्यक्षज्यूहरु क्रमशः श्री चण्डिराज ढकाल, श्री सुरेन्द्रबीर मालाकार, श्री विनोद चौधरी, श्री कविन्द्रनाथ ठाकुर र श्री किरणप्रकाश साखः लाई महत्वपूर्ण व्यवसायिक व्यक्ति (CIP) को उपाधि प्रदान गरी सम्मान गरियो ।

# हस्तकला निकासी विवरण

## आ.व.२०६४/६५, (श्रावण – आश्विन)

यस संघको निकासी तथ्यांक अनुसार गत आर्थिक वर्ष २०६३/६४ श्रावणदेखि आश्विन मसान्तसम्ममा कुल रु. ८३०,९६६,२०४ बराबरको विभिन्न हस्तकलाका वस्तुहरुको निकासी भएकोमा यस आर्थिक वर्ष २०६४/६५ श्रावणदेखि आश्विन मसान्तसम्ममा कुल रु. ७८७,७१०,०२२ बराबरको विभिन्न हस्तकलाका वस्तुहरु निकासी भएको छ । गत वर्षको तुलनामा आ.व. २०६४/६५ को सोही अवधिमा हस्तकलाका वस्तुहरुको निकासीमा ५.२१ प्रतिशतले गिरावट आएको छ । संघको निकासी तथ्यांक अनुसार यस वर्ष पश्मिना, ऊनीका सामान, चाँदीका गर गहना, हाते कागजका सामान, सिल्कका सामान, हाड सिंगका सामान, सेरामिकका सामान, धुपजन्य सामान, छालाका सामान, पोतेका सामान, प्रस्तरकलाका सामान र बेतबाँसका सामान आदिको निकासीमा गत वर्षको तुलनामा केही गिरावट आएको देखिन्छ भने अन्य हस्तकलाका वस्तुहरुको निकासीमा गत वर्षको सो अवधिको तुलनामा बृद्धि भएको पाइएको छ । सो अवधिमा विश्वका ७० भन्दा बढी मुलुकहरुमा हस्तकलाका वस्तुको निकासी भएको थियो ।

| क्र.सं. | सामान विवरण | कुल निकासी श्रावण देखि श्रावणसम्म | | + / - गत वर्षको तुलनामा २०६४/६५ को प्रतिशत निकासी अन्तर | २०६४/६५ को कुल निकासीमा प्रतिशत अंश |
|---|---|---|---|---|---|
| | | आ.व.२०६३/६४ | आ.व.२०६४/६५ | | |
| १ | पश्मिना | १६४,३२४,७९७ | १५७,४६०,०६७ | (४.१८) | १९.९९ |
| २ | ऊनीका सामान | २०४,८८१,९५३ | १६०,०५८,१५६ | (२१.८८) | २०.३२ |
| ३ | चाँदीका गर - गहना | १११,०५५,६१३ | १००,९६१,४८९ | (९.०९) | १२.८२ |
| ४ | धातुका मूर्ति | ८७,८२१,१८४ | ११३,८२५,३१० | २९.६१ | १४.४५ |
| ५ | हाते कागजका सामान | ६०,१७१,६४५ | ५६,३८६,९९८ | (६.२९) | ७.१६ |
| ६ | हेम्प तथा अल्लोका सामान | ८,५३६,६०६ | ८,९७१,१८५ | ५.०९ | १.१४ |
| ७ | सिल्कका सामान | ३९,४३७,५७५ | २९,१६६,४१२ | (२६.०४) | ३.७० |
| ८ | सूतीजन्य सामान | २१,९९३,७९१ | २३,५८५,०५६ | ७.२४ | २.९९ |
| ९ | अन्य टेक्सटाइलका सामान | ३,८९५,६०५ | ४,०५८,०८७ | ४.१७ | ०.५२ |
| १० | ढाकाका सामान | ५९४,१९० | ७३६,७८९ | २४.०० | ०.०९ |
| ११ | फेल्टजन्य सामान | ६६,८७९,६६७ | ६९,५०३,४८६ | ३.९२ | ८.८२ |
| १२ | काष्ठकलाका सामान | १३,१८३,२२४ | १७,०१३,२१६ | २९.०५ | २.१६ |
| १३ | पौभा (थान्का) | ३,३२३,३३१ | ३,७७९,३८७ | १३.७२ | ०.४८ |
| १४ | हाड तथा सिंगका सामान | ८,६२९,७१४ | ६,२५४,३६२ | (२७.५३) | ०.७९ |
| १५ | सेरामिक्सका सामान | ५,३६४,८४६ | २,३८५,४६२ | (५५.५४) | ०.३० |
| १६ | धुपजन्य वस्तु | ३,९२९,२६८ | ३,३५९,४१७ | (१४.५०) | ०.४३ |
| १७ | छालाजन्य सामान | ९,५४३,५८६ | ३,७१६,०२१ | (६१.०६) | ०.४७ |
| १८ | पोतेका सामान | २,५१५,९१२ | १,८०१,६५७ | (२८.३९) | ०.२३ |
| १९ | बेतबाँसका सामान | ६३६,१५४ | ४७२,९३६ | (२५.६६) | ०.०६ |
| २० | प्रस्तरकलाका सामान | ८३०,०१४ | ४०९,८५७ | (५०.६२) | ०.०५ |
| २१ | प्लास्टिकका सामान | २,८३९,२४२ | ४,३३७,०३६ | ५२.७५ | ०.५५ |
| २२ | विविध | १०,५७८,२८७ | १९,४६७,६३८ | ८४.०३ | २.४७ |
| | **जम्मा** | **८३०,९६६,२०४** | **७८७,७१०,०२२** | **(५.२१)** | **१००.००** |

## हस्तकलाका वस्तुहरु निकासी हुने प्रमुख मुलुकहरु

## आ.व. २०६४/६५, श्रावण - आश्विन

| क्र.सं. | निर्यात हुने देश | निकासी परिमाण | कुल निकासीमा प्रतिशत अंश | क्र.सं. | निर्यात हुने देश | निकासी परिमाण | कुल निकासीमा प्रतिशत अंश |
|---|---|---|---|---|---|---|---|
| १ | अमेरिका | २२२,८८६,०८९ | ४.१० | ११ | नेदरल्याण्डस् | १५,४६६,११४ | ०.२८ |
| २ | जापान | ९२,६४३,४३९ | १.७० | १२ | डेनमार्क | १२,०६१,३११ | ०.२२ |
| ३ | जर्मनी | ७४,४३९,४४६ | १.३७ | १३ | स्विडेन | १०,७०४,५०४ | ०.२० |
| ४ | बेलायत | ५४,४२६,१११ | १.०० | १४ | भारत | १०,१८२,०६३ | ०.१९ |
| ५ | तिब्बत | ४६,२३३,४४२ | ०.८५ | १५ | चेक रिपब्लिक | ८,२४३,४४६ | ०.१५ |
| ६ | इटाली | ४३,६६१,७७५ | ०.८० | १६ | ताइवान | ७,१५५,६२० | ०.१३ |
| ७ | फ्रान्स | ४२,४८३,८१० | ०.७८ | १७ | बेल्जियम | ६,८४३,६४० | ०.१३ |
| ८ | क्यानाडा | ४२,१४१,२६२ | ०.७७ | १८ | अष्ट्रेलिया | ६,३६६,०२८ | ०.१२ |
| ९ | स्विटजरल्याण्ड | २२,३२६,७७६ | ०.४१ | १९ | सिंगापुर | ६,२१९,२४४ | ०.११ |
| १० | स्पेन | १६,७०६,४१७ | ०.३१ | २० | हङकङ | ५,३४१,४४० | ०.१० |

# अन्तरराष्ट्रिय व्यापार मेला सम्बन्धी जानकारी

देहायका मुलुकहरुमा निम्न अन्तरराष्ट्रिय व्यापार मेलाको आयोजना हुने भएकोले सम्बन्धित क्षेत्रका इच्छुक व्यवसायीहरुले उल्लेखित मेलामा सहभागिताको लागि सम्बन्धित ठेगानामा सम्पर्क गर्न सक्नु हुनेछ ।

| Country | Particular | Adresses | Organizer (Fact Sheet) | Product Group |
|---|---|---|---|---|
| **China** | **Name of Fair**<br>**Date**<br>**Venue** | **ANTIQUE JAMBOREE**<br>Jan. 11 - 13, 2008<br>Tokyo International Exhibition Center | ANTIQUE JAMBOREE COMMITTEE<br>Fax : +81-3-5996-4130<br>E-mail : jamboree@zap.att.ne.jp<br>Web : www.kottoh-jamboree.com | Arts & Crafts, Antiques |
| **Germany** | **Name of Fair**<br>**Date**<br>**Venue** | **Frankfurt Int'l Fair, Ambiente, 08**<br>Feb. 8 - 12, 2008<br>Messegelaende | Messe Frankfurt GmbH<br>Fax : +49-69-7575-5985<br>E-mail : ambiente@messefrankfurt.com<br>Web: www.ambiente.messefrankfurt.com | Gifts, Handicrafts, Furniture & Furnishings, Houseware, Tableware, Porcelain, Glassware Jewelry, Gold/ Silverware, Arts & Crafts, Antiques |
| **Portugal** | **Name of Fair**<br>**Date**<br>**Venue** | **Paper Gifts Show, 2008**<br>Mar. 13 - 16, 2008<br>Lisbon International Fairgrounds | International Fair of Lisbon<br>Phone:(+351) 218 921 500<br>Fax: (+351) 218 921 555<br>Email: fil@aip.pt<br>Web: www.fil.pt | Stationery, Educational Material, Toys, Gift, Party Articles And Decorative Articles |
| **USA** | **Name of Fair**<br>**Date**<br>**Venue** | **CHA Winter Show, Craft & Hobby Trade Show**<br>Feb. 10 - 13, 2008<br>Anaheim Convention Center | Craft & Hobby Association<br>Fax : +1-201-797-0657<br>E-mail : tlee@craftandhobby.org<br>Web: www.chashow.org | Arts & Crafts, Antiques, Gifts, Handicrafts, Needlecrafts, Paper Crafts, Woodcrafting, Quilting, Jewelry/ Beading |
| **USA** | **Name of Fair**<br>**Date**<br>**Venue** | **Toronto International Gift Fair**<br>Jan. 25 - 28, 2008<br>Metro Toronto Convention Centre | dmg World Media / GLM, LLC<br>180 Duncan Mill Road, Suite 400<br>Toronto, ON M3B 1Z6<br>Fax: (416) 385-1851<br>E-mail: torontointernationalgiftfair@ca.dmgworldmedia.com | Gift, Decorative Accessories, Craft & Hobby, Gift Basket, Souvenir/ Resort Shops, Gourmet Food, Stationery / Card Stores. |
| **USA** | **Name of Fair**<br>**Date**<br>**Venue** | **The Seatle gift Show**<br>Feb. 2 - 5, 2008<br>Washington State Convention & Trade Center | Western Exhibitors<br>2181 Greenwich Street, San Francisco, CA 94123<br>phone: 415 346-6666, fax: 415 346-4965, email: showinfo@weshows.com | Gifts, Stationery, Fashion Accessories, Jewelry, Decorative Handicrafts & Artisan Merchandise, Souvenirs Etc. |

**Source : Internet**

## बौद्धिक सम्पत्ति संरक्षण र हस्तकला उद्योग

– रविन्द्रनाथ श्रेष्ठ

**पृष्ठभूमि :**

नेपाल एक कृषि प्रधान एवं बिकासन्मुख मूलुक हो । नेपालको ८०% जनशक्ति कृषि पेशामा संलग्न रहि आएको राष्ट्रिय अर्थतन्त्रको वास्तबिकता हो भने कृषिमा बाऱ्है महिना व्यस्त रहनुपर्ने आर्थिक क्षेत्र पनि होइन । अतः कृषि क्षेत्रमा संलग्न कृषकहरु कृषि कार्यबाट फुर्सद पाए पश्चात साना तथा घरेलु उद्योगको रुपमा हस्तकलाका वस्तुहरु उत्पादन गरी अतिरिक्त आयआर्जन गर्न कार्यरत रहि आएको पाइन्छ । घरायसी आवश्यकता पूर्ति गर्नुको अलावा बजारमा हस्तकलाका वस्तुको माग पूर्ति गर्न र पर्यटकहरुले बिशेष चिन्ह वा उपहारको रुपमा लग्ने वस्तुको रुपमा एवं आजकाल बिश्व व्यापार क्षेत्रको निर्यात बजारको माग बमोजिम आपूर्ति हुने गरेको निर्यात योग्य बस्तुको रुपमा हस्तकलाका वस्तुहरु रहि आएका छन् ।

हस्तकलाका वस्तु उत्पादन गर्नु तथा बन्द व्यापार गर्नु कृषि पेशा पश्चात एक दिगो, स्थायी तथा आकर्षक पेशाको रुपमा हस्तकलाका उद्योग सफल हुन सकेको देखिन्छ । तर बन्द व्यापार तथा माग बढ्दै गएको स्थिति एकातिर छ भने यस क्षेत्रमा संलग्न उद्यमी/व्यापारी/कलाकार तथा कालिगढहरु प्रतिस्पर्धी बजारमा आफनो नविन श्रृजना, डिजाइन, स्वरुपको नक्कल तथा प्रतिलिपि उत्तारी व्यवसाय गर्ने प्रवृत्तिबाट आक्रान्त भई आएको वास्तबिकता पनि रहेको छ । यस प्रकारको प्रबृत्तिले श्रृजकहरु सिर्जनशील कार्यमा संलग्न रहन र सिर्जनशिलताको लागि कार्यमा लाग्न हतोत्सातिह हुँदै जाने स्थिति पनि श्रृजना हुँदै गइरहेको छ । अर्को तर्फ श्रृजना, कला, नवीन

सोच, प्रविधिको स्वामित्वको सुनिश्चित हुन नसकिने परिस्थिति बढ्दै गईरहेकोले नेपालको हस्तकला व्यवसायमा मन्दगतिले नकरात्मक रुपमा प्रभाव पार्दै आइरहेको महशुस हुन थालेको छ ।

अतः राष्ट्रको पहिचान, परम्परा, सम्पदा र बिशेष छवि प्रतिविम्वित हुने हस्तकलाका वस्तु उत्पादन गर्ने कार्यमा संलग्न रहि आएका कलाकार, कालिगढ, उद्यमीहरुको बौद्धिक सम्पति अधिकारको संरक्षण तथा वस्तुको डिजाइन, प्रतिलिपि बिशेष चिन्ह प्रबिधि माथि एकल स्वामित्व हुने व्यवस्था गर्नु अति आवश्यक छ र गर्न लगाउन आवश्यक पहल गर्नुपर्ने देखिन्छ ।

**मूख्य बिषय :**

बौद्धिक सम्पत्ति अधिकार भन्नाले श्रृजक/श्रृष्टिकर्ता कुनै पनि व्यक्तिलाई कुनै भौतिक वस्तु सम्पत्तिको स्वामित्व प्राप्त गर्नु जस्तै आफ्नो कुनै प्रकारको श्रृजना तथा श्रृजनशिलता माथि एकल स्वामित्व कायम गर्ने प्रावधान तथा सुविधा उपलब्ध गराउने व्यवस्था गर्ने हो ।

बौद्धिक सम्पत्ति अधिकार भन्नाले देहायका चार प्रकारको सम्पत्ति माथिको अधिकार बुझ्न सकिन्छ :

१) प्रतिलिपि अधिकार
२) डिजाइन (स्वरुप, आकार) माथि अधिकार
३) पेटेन्ट अधिकार
४) ट्रेड मार्क अधिकार

**बौद्धिक सम्पत्ति अधिकार संरक्षणनार्थ पहल**

नेपालमा प्रतिलिपि अधिकार र तत्सम्वन्धी अधिकार संरक्षणको लागि २०२२ सालमै प्रतिलिपि अधिकार ऐन आएको थियो । सो ऐनको नियामावली भने २०४६ मा मात्र आयो । तर सो ऐन र नियामावली प्रायः निष्क्रिय थिए ।

उल्लेखित ऐन पश्चात पुनः २०५९ मा प्रतिलिपी अधिकार सम्वन्धी रचनाको रोयल्टी निर्धारण गर्ने, संकलन गर्ने, संकलित रोयाल्टी संकलन संस्था गठन गर्न सकिने प्राबिधान रहेको छ ।

सो अनुसार २०६२/१/७ मा उद्घाटन भई प्रतिलिपि अधिकार सम्वन्धी काम हेर्ने छुट्टै निकायको रुपमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अर्न्तगत नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय स्थापना भई संचालनमा आएको छ ।

नेपालले सन् १९९७ देखि विश्व बौद्धिक सम्वन्धी संगठन (World Intellectual Property Organization) को सदस्यता ग्रहण गरी प्रतिलिपि अधिकारको प्रभाकारी संरक्षण गर्न प्रतिवद्धता पनि व्यक्ति गरी सकेको छ ।

त्यसै गरी बिश्व व्यापार संगठनमा नेपालको प्रवेशसगै व्यापारसँग सम्वन्धित बौद्धिक सम्पत्ति अधिकारका पक्षहरु सम्वन्धी सम्झौता (TRIPS) सन् २००६, जनवरीबाट स्वतः लागू हुने र सो समितिले बर्न महासन्धि प्रबेश गर्दा थप आर्थिक तथा कानूनी दायित्व वहन गर्नु नपर्ने जनाई बर्न महासन्धिमा प्रवेश गर्न आवश्यक समिति गठन गरी आवश्यक कारवाही समेत अगाडि बढाइएको छ ।

नेपाल बर्न महासन्धिमा प्रवेश गर्न हुने गरी नेपाल सन्धी ऐन, २०४७ अध्यादेश पनि जारी भई सकेको स्थिति छ ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, उद्योग बिभाग मार्फत औद्योगिक डिजाइन, पेटेन्ट तथा व्यापारीक चिन्ह (Logo & Trade Mark) हरुको अधिकारको संरक्षणको लागि आवश्यक सेवा प्रदान गर्ने कार्य गरी आइरहेको छ ।

त्यस्तै प्रकारले घरेलु तथा लघु स्तरका उद्यमीहरुलाई सहयोग प्रदान गर्न उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग बिभाग अन्तरगत "बौद्धिक सम्पत्ति उपयोग क्षमता वृद्धि कार्यक्रम" संचालनमा रहि आएको छ ।

अतः हस्तकला उद्योगमा संलग्न कलाकार, उत्पादक, उद्यमी व्यवसायीहरुले बौद्धिक सम्पत्ति संरक्षण अधिकारको लागि आधिकारिक निकायमा भए गरेका प्रकृया पुरा गरी आफ्नो आफ्नो एकल अधिकार प्रति सुनिश्चित हुन सकिने व्यवस्था भईसकेको हुनाले उद्यमी व्यवसायीहरुले सम्वन्धित निकायमा आवश्यक प्रकृया पुरा गरी श्रृजनाहरु दर्ता गराई राख्ने कार्य गरेमा आफ्ना श्रृजना/प्रति स्वामित्व दावी गर्न सकिने हुन्छ । प्रतिलिपि उत्तार/नक्कल गर्ने अधिकार कानूनी उपचार पाई आफ्नो एकाधिकार बचाई पाउन सकिने बारे उद्यमी व्यवसायीहरु चनाखो हुनुपर्ने देखिन्छ ।

# विविध संघ संस्थाको वाणिज्य गतिविधिहरु

## नेपाल र मोरक्कोबीच व्यापार, लगानी तथा पर्यटन विस्तार सम्बन्धी

नेपाल र मोरक्कोबीच द्विपक्षीइ व्यपा, लगानी तथा पर्यटन प्रबर्द्धनक ासाथै अन्य आर्थिक सम्बन्ध विसतार गर्ने क्रममा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष श्री चण्डीराज ढकाल र नेपालका लागि मोरक्कोका राजदूत श्री लाबी मौखारिकबीच हालै काठमाडौंमा भेटवार्ता सम्पन्न भयो । उक्त अवसरमा उक्त महासंघका पर्यटन प्रबर्द्धन फोरमका सभापति श्री बि.के.श्रेष्ठ, वस्तुगत परिषद्का सभापति श्री रोाहिणी थपलिया, अन्तरराष्ट्रिय सम्पर्क फोरमका सभापति श्री विजया कुमार दुगड् लगायत विभिन्न संघ संस्थाका प्रतिनिधिहरुको समेत उपस्थति रहेको थियो । भेटवार्ताको क्रममा दुई मुलुक नेपाल र मोरक्कोबीच आर्थिक सम्बन्ध विस्तार गर्न व्यापार, पर्यटन, सांस्कृतिक आदान प्रदान, लगानी प्रबर्द्धन सम्बन्धी छलफल भएको थियो । यस क्रममा मोरक्कोमा नेपाली हस्तकला, पश्मिना, गलैंचा, तयारी पोशाक लगायत जटीबुटी तथा चिया कफीको निर्यात हुन सक्ने प्रचुर समभावना रहेको औल्याइएको थियो । हाल नेपाली उत्पादनहरु युरोपीय मुलुक हुँदै मोकक्को लाने गरेकोमा आगामी दिनहरुमा दुई मुलुकबीच सीघा हवाई सम्पर्क स्थापित गर्न, आपसी व्यापारी प्रमण्डल तथा वाणिज्य सूचना आदान प्रदान गर्न र आ-आफ्ना उत्पादनको बजार प्रबर्द्धनका लागि व्यापार मेलाको आयोजना गर्न दुबै पक्षले सक्रिया पहल गर्नुपर्नेमा वार्ताको क्रममा जोड दिइएको थियो । साथै उक्त अवसरमा नेपालका लागि मोरक्कोका राजदूतले आगामी दिनमा दुई देशबीच व्यपार, लगानी तथा पर्यटन प्रबर्द्धन गर्न आर्थिक कुतनीतिलाई प्रभावकारी बनाउनुपर्ने चर्चा गर्दै भारत आउने मोरक्कोका व्यापारिक प्रतिनिधिम०डल तथा पर्यटकहरुलाई नेपष्ल भ्रमणका लागि प्रोत्साहित पार्नै आश्वसन दिनु भएको थियो । कार्यक्रममा नेपालस्थित मोरक्कोका नवनियुक्त अवैतनिक वाणिज्यदूत श्री बसन्त चौधरीको पनि उपस्थिति रहेको थियो ।

## घरेलु महोत्सव तथा औद्योगिक प्रदर्शनी आयोजना

मुलुकभर छरिएर रहेका लघु, घरेलु तथा साना उद्योगीहरुका उत्पादनको बजार प्रबर्द्धनका लागि जिल्ला, क्षेत्र र राष्ट्रिय स्तरमा समय समयमा मेला तथा प्रदर्शनीको आयोजना महत्वपूर्ण हुने क्रममा नेपाल घरेलु तथा सना उद्योग महासंघले घरेलु मेला तथा प्रदर्शनीको आयोजना गर्दै आएको छ । यस क्रममा उक्त महासंघद्वारा २०६४ मंसिर २० देखि २४ गतेसम्म भृकुटीम०डपस्थित प्रदर्शनी हलमा घरेलु उद्योग महोत्सव २०६४ तथा औद्योगिक प्रदर्शनी को आयोजना गरियो । सोही अवसर पारेर आयोजकद्वारा मंसिर २०, २१ र २३ गते ग्रामीण पर्यटन, ग्रामीण उर्जा प्रणाली तथा Agro Business Incubator विषयक राष्ट्रिय गोष्ठीको समते आयोजना गरियो । प्रदर्शनीको आकर्षणको रुपमा प्रदर्शनी अवधिमा नेपाली मौलिकता झल्काउने सांस्कृतिक झाँकी, नृत्यहरु, खाद्य महोत्सव, ग्रामीण तथा पर्यटन एवं ग्रामीण उर्जा प्रणाली सम्बन्धी बृत्तचित्रहरुको समेत प्रदर्शनी गरिएको थियो । उक्त प्रदर्शनीमा पश्मिना, बेतबाँसका सामान, काष्ठकला, सुतिजन्य वस्तु, प्राकृतिक रेशाका सामान, हर्वलका सामान, किमती पत्थरका सामान, धातु मूर्ति तथा धातुका सामान, ऊनीजन्य सामान लगायत अधिराज्यका विभिन्न ठाउँहरुमा उत्पादन हुने लघु, घरेलु तथा साना उद्योगका सामानहरुको प्रर्दशनी गरिएको थियो ।